ADCCN ई-बुलेटिन
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
e - Bulletin
Vol. 2 [Issue – I] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, June–July 2019 (२०७६ असार)

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीलाई महासंघ प्रतिनिधी मण्डलको भेट

जिल्ला समन्वय समिति महासंघ नेपालको प्रतिनिधी मण्डलले सरकारलाई बजेट तथा कार्यक्रमको कार्यान्वयनमा साथ दिन यहि २०७६ आषाढ २० गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय मन्त्री श्री लालबाबु पण्डित तथा सचिव श्री यादव कोइरालालाई छुट्टाछुट्टै भेट गरी नेपाल सरकारले आ.व. ०७६/०७७ मा बजेट कार्यक्रममा उल्लेख गरे झैं जिल्ला समन्वय समितिहरुको भूमिकालाई प्रभावकारी बनाउन विद्यमान ऐन कानून अपुग भएको तथा नयाँ कार्यविधी बनाउन आवश्यक भएको बारे महासंघले कस्तो भूमिका खेल्दा सरकारलाई सहकार्य गर्न सहजहुने हो भन्ने बारे छलफल भयो । उक्त अवसरमा माननीय मन्त्रीले जिल्ला समन्वय समिति महासंघ मात्र एउटा सहयोगी संस्था जो हरतरहले आफ्नो क्षेत्राधिकारमा बसेर सरकारलाई सघाउन लागेको आफूले पाएको बताउनु भयो । संघीयता कार्यान्वयनमा जाँदै गर्दा धेरै काम गर्नुपर्ने र समय लाग्ने हुनाले हतास नगर्न र निरास नहुन महासंघ पदाधिकारीलाई मन्त्रीले आग्रह गर्नुभयो ।



उक्त अवसरमा महासंघले जिल्ला समन्वय समितिमा आवश्यक कर्मचारी तत्काल व्यवस्था नहुँदा अनुगमन र प्रतिवेदनको कार्य प्रभावकारी बनाउन नसकिएको, नेपाल सरकारले संघ महासंघलाई विगत देखि दिईआएको अनुदान/बजेट नदिंदा नियमित कार्यगर्न कठिनाई परेकोले व्यवस्थागरिदिन तथा जिल्ला समन्वय समितिहरुको क्षमता विकासका लागि तालिमहरुको प्रवन्ध गराईदिन लिखित अनुरोध गरेको थियो । उक्त प्रतिनिधी मण्डलमा महासंघका प्रवक्ता तथा जि.स.स. भक्तपुरका प्रमुख श्री नवराज गेलाल, महासंघका कार्यसम्पादन समिति सदस्य तथा जि.स.स. सिराहका उप-प्रमुख श्री सरोज कुमार यादव, जि.स.स. झापाका प्रमुख श्री सोमनाथ पोर्तेल, जि.स.स. ललितपुरका प्रमुख श्री अमर खड्का तथा महासंघका महासचिव श्री कृष्ण चन्द्र न्यौपाने र सूचना प्रविधि अधिकृत दिनेश श्रेष्ठ सहभागि हुनुहुन्थ्यो ।

उक्त प्रतिनिधि मण्डलले लगतै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री यादव कोइरालासंग भेटगरी महासंघका गतिविधि र गुनासा प्रस्तुत गरेको थियो । उक्त भेटमा सचिवले आफू संघीयता कार्यान्वयनको सन्दर्भमा सबै पालिका संग छिटो र प्रभावकारी समन्वयकर्ताको खोजीमा रहेको अवस्थामा जि.स.स. महासंघ नेपाल र जि.स.स.हरुले त्यो भूमिकामा सरकारलाई साथ दिने कुराले उत्साहित भएको बताउनु भयो ।

प्रतिनिधी मण्डलले महासंघ र यसका सदस्यहरु जि.स.स.का पदाधिकारी अनुगमन र समन्वयलाई प्रभावकारी गर्न संस्थागत प्रवन्ध मन्त्रालयले गरिदिनु पर्छ भन्ने पक्षमा रहेको बताएको थियो । जिल्ला सभाहरु विकास प्रशासनलाई प्रभावकारी बनाउन संयत्र हुन सक्ने भन्दै सचिव कोइरालाले स्थानीय पालिकाहरुको खर्चको आवश्यकता राजश्व उठाउने आधार र राजश्वको अंशलाई एकिन गरेको अवस्थामा देखिने भिन्नतालाई सम्बोधन गर्ने गरी संघीय तथा प्रदेश अनुदानको प्रवन्ध गर्न सकिने हुनाले जिल्ला सभालाई प्रभावकारी बनाउन जिल्ला समन्वय समिति महत्वपूर्ण संरचना हुनुपर्छ भन्ने आधारमा सरकार अगाडि बढ्ने तयारी गर्दै गरेको बारे जानकारी गराईएको थियो ।

त्यसै दिन महासंघ प्रतिनिधी मण्डलले प्राकृतिक श्रोत तथा वित्तिय आयोगका अध्यक्ष श्री बालानन्द पौडेललाई उहाँको कार्यकक्षमा भेट गरि जिल्ला समन्वय समितिहरुको लागि संविधान र कानूनले तोकेका कार्य गर्न वित्तिय प्रवन्ध हुनुपर्ने बारे महासंघको माग प्रस्तुत गरिएको थियो र अध्यक्षज्यूले जि.स.स.हरुको समन्वयकारी भूमिका प्रभावकारी बनाउन क्षमता विकास गर्न स्रोत उपलब्ध गराउने पक्षमा आयोग निती तथा कार्यक्रम बनाएर अगाडि बढ्ने विश्वास दिलाउनु भएको थियो ।



# International Conference on Inhancing the Capacities of Local Level in Nepal




स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले गत जुन २०, २०१९ (वि.सं. २०७६ असाढ ५ गते) International Conference on Inhancing the Capacities of Local Level in Nepal विषयमा एकदिने गोष्ठीको आयोजना गऱ्यो । जिल्ला समन्वय समिति महासंघ नेपाल लगायत गाउँपालिका महासंघ/नगरपालिका संघको प्रतिनिधित्व रहेको उक्त गोष्ठीमा स्थानीय तहमा क्षमता विकासका कार्यहरु गर्ने स्वदेशी तथा विदेशी संस्थाहरु लगायतको उपस्थिति रहेको उक्त कार्यक्रमलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले पानसमा दीयो बालेर उद्घाटन गर्नु भएको थियो ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) ले JICA को सहयोगमा आयोजना गरेको उक्त कार्यक्रममा JICA-Nepal का प्रमुख Asha Niko ले नेपाल जापान सम्बन्धको ५० वर्ष पुगेको अवसरमा यस कार्यक्रममा सहयोग गर्न पाउँदा खुशी लागेको बताउँदै JICA ले सन् २०१६ देखिनै स्थानीय तहको क्षमता विकासका कार्यक्रम संचालन गर्न LDTA लाई सहयोग पुऱ्याउँदै आएको छ, नतिजा सकारात्मक भएको बताउनु भयो ।

कार्यक्रममा गाउँपालिका महासंघका तत्कालिन सदस्य तथा वर्तमान सांसद माननीय घनश्याम खतिवडाले स्थानीयतहका जनप्रतिनिधी क्षमतावान हुन्छन् भन्ने हेक्का राख्न स्मरण गराउदै संघीय सरकार तथा कर्मचारीतन्त्रलाई ऐन, नियम तथा निर्देशन बनाउँदा स्थानीय तहको संबैधानिक हकको विषयमा संकुचित भएर मस्यौदा तयार गर्ने तथा संविधान प्रदत्त अधिकार प्रत्यायोजनगर्न पाउनुपर्ने मा संविधान विपरितको सोच राखेको प्रति आपत्ती प्रकट गर्नुभएको थियो । यसका साथै स्थानीयतहले सार्वजनिक सेवाको समयावधि र गुणस्तर समेत विस्तारगरेर ती सेवालिन सहभागिताका लागि नागरिक सचेतना बढाउन तथा अन्य व्यवस्थापनका लागि नागरिक प्रति उत्तरदायी हुनुपर्ने विषय उल्लेख गर्नुभयो ।

स्थानीय तहका प्रतिनिधीमूलक संघ/महासंघहरुले यस किसिमको क्षमता विकासमा विगत लामो समय देखि भूमिका खेल्दै आएको बताउनु हुदै बर्तमान संबिधान तथा ऐनकानून कार्यान्वयनका लागि संघ/महासंघको क्षमता बढाएर तिनीहरुलाई परिचालन गर्दामात्र स्थानीयतहले जन आकाँक्षा अनुसारको कामगरी संघ संस्थाको सुदृढीकरण गर्ने कार्यहरु संचालन गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

उद्घाटन मन्तव्यमा माननीय मन्त्री श्री लालबाबु पण्डितले विकास र सेवा प्रवाहको हिसावले स्थानीयतह पहिलो मोर्चा हो भन्दै स्थानीय तहका स्रोत साधन भन्दा पिडावढि भएको आफूले बुझेको र यसका लागि स्रोत व्यवस्था गर्न आफू लागिपरेको कुरा बताउँदै स्थानीयतह संचालन ऐन २०७४ पूर्ण व्यवहारिक र आवश्यकता पुऱ्याउने खालको बन्न नसकेको स्वीकारगर्दै आवश्यक परिमार्जनगर्न लागिएको कुरा बताउनु भयो । संघीयता कार्यान्वयनको यो चरण अधिकार छ र छैन भन्ने संघर्षमा गुज्रेकाले गर्दा नतिजा प्रभावकारी नदेखिएकाले संबिधान र कानूनमा भएको व्यवस्था र अधिकार प्रयोग गरेर जानुपर्ने तर्फ ध्यानाकर्षण गराउनु भएको थियो ।

स्थानीयतहले नागरिकलाई नजिकको सरकारको रुपमा भरपर्दो र गुणस्तरिय सेवा दिनुपर्नेमा जोडदिँदै उहाँले यस्ता क्षमता विकासका अभियानमा जिल्ला समन्वय समिति महासंघ नेपाल तथा अन्य संघ महासंघलाई परिचालन गर्न सकिने कुरा बताउँदै स्थानीयतहलाई सवल बनाउनु पर्छ भन्नुभयो । उहाँले अव कुनैपनि दातृनिकाय, विदेशी गैर सरकारी संस्था (INGO) ले तालिम अभिमुखीकरण जस्तो कार्यक्रम नेपाल सरकारको अनुमति नलिई संचालन गर्न नपाईने व्यवस्थागर्न लागेको बताउँदै जनप्रतिनिधीको आत्मवल बढाउने र उहांहरुको ज्ञान, सिप, क्षमता विकासगर्ने कार्य निरन्तर चल्ने बताउनु भएको थियो ।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका सहसचिव श्री तोपनारायण ज्ञवालीले अहिलेको सन्दर्भमा स्थानीयतह योजना बनाउने र संचालन गर्न सक्ने क्षमतावान नभईसकेको बताउनु हुँदै आवश्यक जनशक्ति, कर्मचारी व्यवस्थ चाँडोगर्न सक्दा मात्र योजना निर्माण तथा कार्यान्वयन गर्न सकिने हुन्छ भन्दै स्थानीयतहले प्रभावकारी तथा दीगो लक्षका कार्यहरु छनौट र संचालनमा जोड दिनु पर्छ भन्दै सरकारले बिकास बजेट २६.५% मात्र खर्च गर्न सक्नु राम्रो होइन भन्नु भयो ।




हालसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले के के गरेको छ भन्ने सन्दर्भमा उक्त मन्त्रालयका सहसचिव श्री जयनारायण आचार्यले मन्त्रालयले क्षमता विकास सम्बन्धी नीतिगत र व्यवहारिक कार्यहरु सम्पादन गरिएको बताउनु भयो । संविधानले स्थानीय तहलाई अधिकार प्रस्ताव गरे बमोजिम अधिकार लिन र आवश्यक निती निर्णय गरी प्रभावकारी कार्यान्वयनमा लाग्नु पर्ने सुझाव दिनु भयो । नागरिकले राज्यका सेवाहरुसंग सहज पहुँच राख्न सके तथा सबै वर्ग समेटिएमा मात्र संघीयता सफल हुने उहांको तर्क थियो । क्षमता विकास कार्यक्रम सबै स्थानीयतहले

आफ्नो आवश्यकता अनुसार बनाउनु पर्ने बताउँदै कुनै पनि कार्यविधी प्रक्रियाबाट संचालन गर्न सकेमात्र सफल हुन्छ त्यसका लागि उचित ज्ञान, सिप र क्षमता बढाउनु पर्ने भएकोले योजना निर्माणमा यसतर्फ पनि बजेट विनियोजन गर्न सुझाव दिनुभयो । उहाँले "Work Site Fix all" हुन सक्दैन भन्दै योजना र बजेट, सार्वजनिक खरिद, राजश्व वृद्धिका कार्यहरु र शासन पद्धतिका लागि नीति नियम बन्नुपर्ने तर्कसहितको प्रस्तुतीकरण गर्नुभयो ।

मेलम्ची नगरपालिका उपप्रमुख श्री भगवती नेपालले आफ्नो नगरपालिकाका निर्वाचित जनप्रतिनिधीको लागि क्षमता विकासको कार्यबाट विषयगत सवाल बुझाईमा एकरुपता, राणनीतिक योजना निर्माण, समय व्यवस्थापन, आर्थिक योजना, स्रोत परिचालन र वित्तिय व्यवस्थापन कार्यप्रगति विवरण मागका आधारमा योजना छनौट गर्नु आवश्यक छ । तर स्थानीय तहलाई क्षमता बढाउन भन्दा संघले कार्यविधी र नीति बनाएर सघाएझैं गर्दै अधिकार दिन नखोजेको अहिलेको अवस्था चुनौतीपूर्ण छ भन्नु भयो ।

उक्त कार्यक्रममा Login ASIA का प्रतिनिधी ऐश्वर्या पिलाइले LOGIN ले आफ्नो सदस्य संस्थाहरुको क्षमता विकासमा क्षेत्रीय संजाल मार्फत अनुभव आदान प्रदानगर्न र क्षमता प्रदर्शनगर्न संयोजन गरेको बताउँदै अहिलेको सन्दर्भमा शासन र शक्ति सन्तुलन मिलाउने विषय चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो । त्यसैले Development GAP र क्षमता को GAP पहिचान गरी उपयुक्त वातावरणको चयन गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रमको समापनमा सम्बोधन गर्दै जिल्ला समन्वय समिति महासंघ नेपालका उपाध्यक्ष तथा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख श्री सन्तमान तामाङले संघीयता कार्यान्वयनको लागि संविधान मूल कानून भएपनि सबै तहमा सत्ता र शक्तिको लागि दाउपेच चल्दा काममा ढिला सुस्ती, नागरिकमा जन प्रतिनिधी प्रति वितृष्णा बढेको तथा संविधान अनुसारको भूमिका बुझेर कार्यगर्नु सट्टा एक अर्काप्रति संका र प्रहार गर्ने स्वभावले राज्यको संरचना र संघीयता नै धरापमा पर्न लागेकोले सबै मिलेर देश बनाउने प्रणय गर्नुको विकल्प छैन भन्नु भयो ।





# महासंघको कार्यसम्पादन समितिको बैठक सम्पन्न



जिल्ला समन्वय समिति महासंघ नेपालको कार्यसम्पादन समितिको पन्ध्रौ बैठक २०७६ असार १७ गते महासंघका अध्यक्ष श्री सीता सुन्दासज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । बैठकमा उपाध्यक्ष श्री सन्तमान तामाङ, प्रवक्ता श्री नवराज गेलाल, सदस्यहरु श्री शिव सुन्दर राजबैद्य, श्री डबल पाण्डे, श्री सरोज कुमार यादव र आमन्त्रित सदस्य, श्री तेजिला थापा (जिल्ला समन्वय समिती काठमाण्डौं) को उपस्थिति रहेको थियो ।

बैठकमा निम्न विषयवस्तु माथि छलफल गरिएको थियो :

१) महासंघको वार्षिक कार्यक्रम निर्धारण, २) महासंघ सञ्चालन स्रोत सम्बन्धमा, ३) जिल्ला सभा कोष सम्बन्धमा, ४) प्रदेश वार्षिक निती कार्यक्रममा जिल्ला समन्वय समिति र अन्य विविध :

**निर्णयहरु :** महासंघ सचिवालयले आगामी आ.व. २०७६/७७ का लागि तयार गरेको वार्षिक कार्यक्रम स्वीकृत गरियो । प्रस्ताव भएका कार्यक्रमहरुका लागि स्रोत नेपाल सरकार तथा सरकारको सिफारिसमा दाताहरुलाई अनुरोध गर्न महासंघ सचिवालयलाई स्वीकृत दिने ।

गत २०७५ श्रावण १ गते देखि जि.स.स.मा आन्तरिक स्रोतबाट संकलन भएको रकम जिल्ला सभाबाट निर्णय गरिए बमोजिम खर्च गर्न स्वीकृती पठाईदिनुहुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार सबै ७७ वटै जिल्ला समन्वय समितिहरुले जिल्ला सभा २०७७ श्रावण भित्र गरिसक्ने गरि प्रवन्ध मिलाउन निर्देशन पठाउने निर्णय गरियो ।

नेपालको संविधानको धारा २२० उपधारा ७ (घ) मा व्यवस्था भए बमोजिम प्रदेश कानून बनाई आगामी आ.व. ०७६/७७ का लागि जिल्ला समन्वय समितिका कार्य सम्पादन गर्न आवश्यक कार्यविधि कार्यक्रम तथा बजेट व्यवस्था गरिदिन ७ वटै प्रदेश सरकारलाई पत्र पठाउने निर्णय गरियो ।

# South Asia Conference मा सहभागिता




(सन् २०१९ जुन १०) UCLG-Asia Pacific को आयोजना तथा नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघको संयोजनमा गत जुन १०-११ २०१९ मा विपद व्यवस्थापनमा स्थानीय सरकारको भूमिका South Asia Conference on Deligation role of Local Authroities for Disaster Management, Energy & Climate Actions विषयक कार्यशाला काठमाण्डौंमा सम्पन्न भयो । नेपाल स्थित युरोपियन युनियनले सहयोग गरेको उक्त कार्यक्रममा UCLG-ASPAC का सदस्य राष्ट्रका संस्थाहरुवाट प्रतिनिधिहरुको सहभागिता थियो । कार्यशालाको उद्घाटन नेपाल सरकारका गृहमन्त्री माननीय श्री राम बहादुर थापाले गनुभएको थियो । उद्घाटन सत्रमा महासंघको प्रवक्ता श्री नवराज गेलालले सम्बोधन गर्नु हुँदै संघीयता सहितको संबैधानिक अधिकार बाँडफाँड गरेपनि अधिकार प्रत्यायोजनगर्ने ऐन कानून नबनेका र विगत देखिनै संघीय स्वरुपमा प्रभावकारी विकास निर्माण सञ्चालन गर्न सक्षम जिल्ला समन्वय समितिलाई संविधानले दिएको भूमिका सहितको पहिचानलाई स्थानीयतह र राजनितिकदलले नचिनेको जस्तो व्यबहार गरेका र प्रदेश कानून बन्न नसक्दा स्थानीय तहमा अन्यौल तथा अस्तव्यस्तता बढेको छ । विपद, बैकल्पिक ऊर्जा जस्ता प्राकृतिक स्रोत साधनको जिल्लास्तरमा प्रवन्ध व्यवस्थापन र परिचालन गर्ने र त्यसको अनुगमन गर्ने भूमिकामा रहेको जिल्ला समन्वय समितिहरुको क्षमता विकासका लागि जि.स.स. महासंघ नेपाल सक्रिय रहेपनि सरकार तथा दाताहरु यसलाई क्षमतावान बनाउने तर्फ लगानीगर्न हिचकिचाहट गरेको प्रति असन्तोष व्यक्त गर्दै महासंघ UCLG-ASPAC को सक्रिय सदस्य भएर सहभागितात्मक क्रियाकलाप संचालनगर्न प्रतिवद्ध रहेको भन्दै यसलाई सहयोग पुऱ्याउन सबैसंग आग्रह गर्नुभयो ।

गृहमन्त्री माननीय रामबहादुर थापाले संविधान कार्यान्वयनमा सबै निष्ठाकासाथ लाग्न अनुरोध गर्दै विपद व्यवस्थपनमा आफ्नो साथ र सहयोग रहने बताउनु भयो ।

उक्त सत्रमा UCLG-ASPAC को तर्फबाट महासचिव Dr. Bernadia Irawati Tjandradewi ले नेपालले विपद व्यवस्थापनमा राम्रो गरेको र इण्डोनेशिया लगायतका देशहरुमा जलवायु परिवर्तनले असर पारेको र नेपालको पर्वतिय विपद भन्दा भिन्न प्रकारको विपद झेलेको उल्लेख गर्दै मिलेनकाम गर्ने थलोको रुपमा यो UCLG-ASPAC ले भूमिका खेलेको र सदस्य राष्ट्रलाई संगठित गरेको कुरा बताउनु भयो ।

(सन् जुन १०, २०१९), UCLG-Asia Pacific को दक्षिण एसिया उप क्षेत्रीय बैठक काठमाण्डौंमा सम्पन्न भयो । उक्त बैठकमा भारत, श्रीलङ्का, बंगलादेश, पाकिस्तानका प्रतिनिधीको सहभागिता थियो । बिपद, जलवायु, ऊर्जाको स्रोत संरक्षण तथा प्रयोगमा स्थानीय तहको भूमिका बारेको सम्मेलनमा भागलिन आउनु भएका अवसरमा यो बैठक आयोजना गरिएको हो । बैठकले UCLG-Asia Pacific को वार्षिक कार्यक्रम रणनीति तथा सदस्यता शुल्ककाबारे छलफल गरि निर्णय गरेको थियो । अवका दिनमा सदस्यता दरका लागि महानगर, नगरको जनसंख्यालाई आधार मानिने निर्णय भएको बारे जानकारी गराईएको थियो । बैठकमा जिल्ला समन्वय समिति महासंघका महासचिव श्री कृष्ण चन्द्र न्यौपानेले जिल्ला समन्वय समिति महासंघ नेपालका लागि सदस्यता दस्तुर निर्धारित जनसंख्या आधारले नमिल्ने बताउँदै यसका लागि विशेष छुटको प्रवन्ध हुनुपर्छ भन्दै नेपालको संविधान अनुसार जिल्ला समन्वय समिति को काम कर्तव्य र अधिकारबारे बताउनु भएको थियो । यसको विषयमा आगामी सेप्टेम्बर ५-६ मा फिलिपिन्समा हुने Governance Bureau को बैठक प्रस्ताव गर्ने निर्णय गरिएको छ । हाललाई विगतको दरमा नै शुल्क बुझाउनु पर्ने । उक्त बैठकमा UCLG-ASPAC का महासचिवले यस वर्ष UCLG-ASPAC को World Congress को बैठक November मा South Africa मा हुने र त्यसमा नेतृत्व चयन हुने भएकोले Asia Pacific बाट प्रतिनिधित्व गर्न इच्छुकले उम्मेदवारी दर्ता गराउन सेप्टेम्बर १५ सम्मको समय सीमा रहेको जानकारी गराईएको थियो । UCLG-ASPAC अर्को बैठक फिलिपिन्सको मकाथीमा सेप्टेम्बरको पहिलो हप्ता हुदैछ ।



# जिल्ला समन्वय समिति मकवानपुरको
## आ.व. २०७५/०७६ को वार्षिक गतिविधि


जिल्ला समन्वय समिति महासंघ नेपालका केन्द्रिय सदस्य तथा प्रदेश नं. ३ का महासंघ अध्यक्ष एवं जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख श्री रघुनाथ खुलालद्वारा संचालित र सम्पादित विविध विकास गतिविधिहरु, सूचनामूलक सामग्रीहरु तथा तथ्याङ्कहरु समेटीएको मकवानपुर नामक पुस्तक प्रकाशन गरिएको छ । नेपालको संविधानको धारा २२०(७)र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९६ बमोजिम जिल्ला सभाको व्यवस्था गरेको छ । परिवर्तित सन्दर्भमा संविधानले जि.स.स.को भूमिका मूलत समन्वय, सहजिकरण र अनुगमन निर्धारण गरेको र सोहि बमोजिमको भूमिका निर्वाह गर्दै आईरहेको छ ।

विगत लामो समयदेखि साविक जिल्ला विकास समितिले समग्र जिल्लाको विकासको नेतृत्व गर्दै आईरहेको परिवेशमा आ.व. २०७४/०७५ देखि स्थानीय निकाय पुनर्संरचित भई संविधान अनुसार जिल्ला समन्वय समितिमा रुपान्तरण भएपछि जिल्ला भित्रका गाउँपालिका, नगरपालिका तथा उप महानगरपालिकाहरु बीच अझ समन्वय र सहजिकरणको टडकारो खाँचो महसुर हुँदै गइरहेको छ । समग्र जिल्लाको सन्तुलित, समानुपातिक र एकिकृत विकासका लागि सूचना तथा तथ्याङ्क, गैरसरकारी संस्था परिचालन, आर्थिक तथा प्राकृतिक स्रोतसाधनको परिचालन, साझा समस्याहरु र बहुपक्षिय सरोकारका विषयहरुका बारेमा एकद्वार प्रणाली मार्फत काम हुन सक्दा बढी प्रभावकारी हुन जान्थ्यो ।

संविधानले जिल्ला समन्वय समितिलाई प्रदत्त गरेको अधिकार कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुवीच समन्वय र सहजिकरण सम्बन्धी का मगर्दै आवश्यकता अनुसार निजी क्षेत्र र सरोकारवालाहरुसंग पनि सहकार्य, समन्वय र सहजिकरणमा सहयोग गर्दै आएको छ । यसै सन्दर्भमा जिल्ला समन्वय समितिले गरेका कार्यहरु, जिल्ला सभाले पारित गरेका निर्णयहरु, समीक्षा प्रतिवेदन, अनुगमनका प्रतिवेदन र जिल्ला तथा पालिकाहरुको संक्षिप्त परिचय सहित यो मकवानपुर नामक पुस्तक प्रकाशन गरिएको छ ।

**जिल्ला समन्वय समिति मकवानपुरले आ.व. २०७५/०७६ को अवधिमा गरेका गतिविधिहरु :**

- तेस्रो जिल्ला सभा तथा वार्षिक समिक्षा बैठक
- वार्षिक समिक्षा आर्थिक वर्ष ०७४/७५ (पालिकाहरुद्वारा वार्षिक समिक्षा बैठक प्रस्तुत वार्षिक प्रतिवेदन) विविध विकास गतिविधिहरु
- न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम
- वडाध्यक्ष क्षमता विकास तालिम
- राजश्व परामर्श समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम
- मकवानपुर देशकै पहिलो सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला घोषणा
- पालिकाहरुद्वारा तयार परिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत
- नदिजन्य पदार्थ संकलन तथा उत्खनन् अनुगमन
- पहिचान र एकरुपताको लागि जनप्रतिनिधिहरुको पोशाक र लोगोको प्रयोग
- स्थानीय तह समन्वय बैठक
- समन्वय र सहजिकरण
- प्रदेश नं. ३ को स्थायी राजधानी मकवानपुर कायम गर्न जिल्ला समनवय समितिको नेतृत्वदायि भूमिका
- स्थानीय पूर्वाधार विकास योजना छनौट
- जिल्ला समन्वय समिति कोष बाँडफाँड र योजना छनौट
- प्रदेश सरकारबाट माग गरिएको योजना सिफारिस
- सामाजिक न्याय विकासका लागि समन्वय र सहजिकरण
- पालिकाहरुद्वारा सम्पादित कार्यहरुको अनुगमन
- राजनितिमा महिला सहभागिता




जिल्ला समन्वय समिति मकवानपुरलाई जिल्लाको सक्रिय भूमिकाका साथ गतिविधी सहितको पुस्तक प्रकाशन गर्नुभएकोमा जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट हार्दिक बधाई ।

# भूकम्प प्रतिरोधी पाँचवटा नमूना घर उद्घाटन र हस्तान्तरण

जिल्ला समन्वय समिति गोरखाका उप-प्रमुख श्री जनुका अधिकारीले २०७६ असार १५ गते गोरखा जिल्लाको शहिद लखन गाउँपालिका ८, साबिक वडा नं. ९ मैलुङमा २१ लाख चारहजार ८८ रुपैंयाको लागतमा निर्माण गरिएको दुईकोठे आरसिसी पक्की भवनको उद्घाटन गर्नुभएको थियो ।

सोही दिन शहीद लखन गाउँपालिका ८, साबिक बुंकोट गाविसको वडा नं. ५, ६, ७, ८ र ९ मा निर्माण भएका भूकम्प प्रतिरोधी पाँचवटा नमूना घर वडा कार्यालयलाई हस्तान्तरण गरिएको छ । सि.आर.एस.को आर्थिक तथा प्राविधिक सहयोगमा पद्धति विकास सेवाकेन्द्रले निर्माण गरेका ती घरहरु सेवाकेन्द्रकी कार्यकारी निर्देशक कमला लामिछानेले शनिबार आयोजित एक समारोहका बीच वडा अध्यक्ष काशिनाथ अम्गाईलाई हस्तान्तरण गरेकी हुन । संस्थाले साबिक बुंकोट ५ मा २१ लाख, ५५ हजार रुपैंया, वडा नं. ६ मा २१ लाख ४६ हजार, वडा नं । ७ मा १८ लाख सातहजार र वडा नं. ८ मा २१ लाख ४१ हजारमा भूकम्प प्रतिरोधी नमूना घर बनेका छन् ।

वडा अध्यक्ष अम्गाईको अध्यक्षतामा सम्पन्न सो समारोहमा प्रमुख अतिथि जि.स.स. गोरखाका उप-प्रमुख जनुका अधिकारी, विशेष



अतिथि शहीद लखन गाउँपालिकाकी उप-प्रमुख इन्दिरा तिवारी, पद्धति विकास सेवा केन्द्रकी कार्यकारी निर्देशक कमला लामिछाने, सोही सेवाकेन्द्रका रविन अधिकारी, गाविसका पूर्व अध्यक्ष चेतबहादुर रानालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

यससंगै पद्धति विकास सेवा केन्द्रले जिल्लाभर डेमो हाउस निर्माण गर्ने र हस्तान्तरण गर्ने काम सम्पन्न गरेको जनाएको छ ।

# जिल्ला समन्वय समिति गोरखाद्वारा विद्यालयलाई भौतिक सामग्री सहयोग

गोरखा जिल्लाको सहिद लखन गाउँपालिकाको नमुना आधारभुत बिद्यालय श्री राम्चे प्रा.बि. बुङ्कोटको लागि भुतपूर्व बिद्यार्थी मन्चका सचिव श्री राजेश श्रेष्ठ र सहिद लखन गाउँपालिका ८, का वडा अध्यक्ष श्री काशीनाथ अंगाईज्युको समन्वयमा जिल्ला समन्वय समिति गोरखाको उप-प्रमुख श्री जानुका अधिकारीज्युको बिशेष पहल कदमिमा सहिद लखन गाउँपालिकाको नमुना आधारभुत बिद्यालय श्री राम्चे प्रा.बि. बुङ्कोट को लागि जिल्ला समन्वय समिति गोरखाबाट २ थान स्टिल दराज, २ थान टेबुल, ४ थान कुर्सी र १ थान टि-टेबुल उपलब्ध गराई दिनु भएको थियो ।

उक्त सामाग्री सहयोग गरिदिनुभएकोमा जिल्ला समन्वय समिति गोरखा प्रति हार्दिक धन्यवाद ब्यक्त गर्दै बिद्यालयको





शैक्षिक सुधारकालागि भौतिक पूर्वाधार ब्यबस्थापन गर्न समेत बिद्यालय प्रशासनको तर्फबाट समन्वय गर्नुहुने प्र.अ. श्री ओम प्रकाश श्रेष्ठ, बिद्यालय परिवार साथै प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबैलाई बिशेष धन्यवाद दिनुभयो ।

# अनुगमनको क्रममा स्याङ्जा जिल्ला समन्वय समिति

२०७६ असार १५ गते, जिल्ला समन्वय समिति स्याङ्जाबाट जिल्ला स्थित सूर्योदय क्लब र घरेलु तथा साना उद्योग विकास समितिको सहयोगमा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको अनुगमन गरिएको थियो । उक्त कार्यक्रम बिरुवा गाउँपालिकामा संचालन भएको सिलाई कटाई, कम्प्युटर तालिम, व्युटिपार्लर तालिम, नागासल आदि तालिमको



अनुगमनमा जिल्ला समन्वय समिति स्याङजाका प्रमुख श्री सीता सुन्दास, घरेलु तथा साना उधोग विकास समितिका श्री कृष्ण प्रसाद पोखेल, बिरुवा गाउँपालिका अध्यक्ष श्री चुन प्रसाद शर्मा, श्री राम प्रसाद भट्टराई, जिल्ला प्रशासनका श्री मोति प्रसाद आचार्य, सुर्यदय क्लबका अध्यक्ष श्री अनन्त कुमार श्रेष्ठ, नेकपा अध्यक्ष, विरुवा गाउँपालिका श्री नारायण थापा, उपाध्यक्ष श्री वलराम दोराङ्ग, सचिव श्री रमेश गोदार, स्याङ्जा चेम्बर अफ कमर्शको वरिष्ठ उपाध्यक्ष श्री गुरुङ, सदस्य श्री सितल के.सी., घरेलु महासंघका अध्यक्ष श्री जुमकाजी गुरुङ, गै.स.स. उपाध्यक्ष श्री गोबिन्द शर्मा, वडा अध्यक्ष श्री सन्त बहादुर आलेको उपस्थितिमा अनुगमन कार्यक्रम सम्पन्न भयो ।



# जिल्ला समन्वय समिति स्याङ्जाको चौथो जिल्ला सभा

मिति २०७६ असार २५ गते जिल्ला समन्वय समिति स्याङ्जाको चौथो जिल्ला सभा जि.स.स. स्याङ्जाका प्रमुख सीता सुन्दासको अध्यक्षतामा प्रतिनिधि सभाका सदस्य माननीय नारायण प्रसाद मरासिनीज्यूको प्रमुख आतिथ्यतामा गण्डकी प्रदेश सभाका माननीय सदस्यज्यूहरु समेतको समुपस्थितिमा सम्पन्न भयो । सभाले जिल्ला समन्वय समिति स्याङ्जाको आ.व. २०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृत गर्नुका साथै अन्य महत्वपूर्ण विषयहरुमा निर्णय भएको थियो ।

नेपाली जनताको लामो सघर्ष त्याग र बलिदानबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने गरि नेपालको संविधानले मार्ग प्रशस्त गरेको छ । आगामी आर्थिक बर्षको नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको सभा संचालन (कार्यविधि) ऐन २०७५, नेपाल सरकारको नीति, कार्यक्रम, प्रदेश सरकारको नीति, कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्यलाई मार्ग दर्शकका अंगिकार गरिएको तथा राजनीतिक दलहरु, निर्वाचित जनप्रतिनिधिहरु, संघ, संस्थाहरु, बुद्धिजिवी तथा समाजसेवीको रचनात्मक सुझावलाई समेटिएको जनाईएको छ ।

आ.व. ०७५।०७६ मा जिल्ला समन्वय समिति र अन्तर्गतका कार्यालयबाट सम्पादित कार्यको प्रगति प्रस्तुत गरिएको थियो ।

जिल्लास्थित सरकारी कार्यलय, स्थानीय तह र गैर सरकारी संस्थाको बार्षिक समिक्षा, जिल्ला समन्वय समितिको समन्वय र स्थानीय तहको सहयोगमा प्याराग्लाईडिङ एकुरेसी वर्ल्ड कप प्रतियोगिता, स्थानीय तहबाट प्रस्तावित वातावरण परिक्षण प्रतिवेदन स्वीकृत, जिसस महासंघको राष्ट्रिय भेलामा जिसस पदाधिकारीहरुको सहभागिता, बार्षिक जिल्ला अनुगमन कार्ययोजना स्वीकृत गरी लागु गरिएको, विकास निर्माण कार्य र व्यवस्थापकिय पक्ष अनुगमन गर्न उपसमिति बनाई सबै स्थानीय तह र केहि सरकारी कार्यालयको कामको अनुगमन, जिससको समन्वयमा राजमार्ग र सहायक मार्गको सरसफाई अभियानको थालनी, स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीका लागी बिद्युतीय खरिद (ई-विडिङ्ग) सम्बन्धि तालिम, तेश्रो जिल्ला सभा, जिससको मौज्दात कोष संचालन निर्देशिका अनुसार पालिकाहरुले प्रस्ताव गरेका योजनामा रकम विनियोजन गरि सम्झौता गरिएको, मन्त्रालयको निर्णयानुसार साविक जि.वि.स.का कर्मचारीहरुलाई समायोजनको पत्र प्रदान गरिएको, ढुङ्गा, गिट्टि, वालुवा उत्खनन ओसार पसार तथा बिक्रि बितरणको अनुगमन सम्बन्धी कार्यबीधि स्वीकृत गरी कार्यान्वयनका लागी पालिकाहरुमा पठाईएको, भारत सरकारको सहयोगमा निर्माणधिन भु.पु. सैनिक सामुदायिक बिद्यालय र त्रिभुवन आदर्श क्याम्पस भवन निर्माण सम्पन्न, सरकारी तथा गैरसरकारी संस्थाबाट संचालित विकास कार्यक्रम र प्रगतीको अवस्था सम्बन्धमा अन्तरक्रिया कार्यक्रम, साविक महिला तथा बालवालिका कार्यालय र जिल्ला प्राविधिक कार्यालयबाट हस्तान्तरण भएका पुरान फर्निचरहरु र मेशिनरी सामान केहि सामुदायिक संस्था र बिद्यालयलाई हस्तान्तरण गरिएको, गरिव




परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमका लागी गणक तथा सुपरिवेक्षकलाई तालिम संचालन र आवश्यकतानुसार समन्वय बैठकहरु सम्पन्न भएका थिए । जिल्ला समन्वय समिति मौज्दात कोष रु ७ करोड ११ लाख ६० हजार, स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम रु ४ लाख, कोषबाट प्रशासनिक खर्च रु २० लाख, भारतीय सहयोग रु १ करोड ९६ लाख०४ हजार, जिससको आन्तरिक आम्दानी रु.११ लाख १४ हजार , जिसस अनुदान रु १ करोड २५ हजार समेत जम्मा रु. १० करोड ३१ लाख ८९ हजार आम्दानी भएकोमा यथार्थ खर्च रु. ४ करोड २८ लाख २२ हजार खर्च भएको छ ।

## आगामी आ व २०७६। ०७७ को नीति तथा कार्यक्रम

- जिल्ला भित्रका सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धि कार्यक्रमको बिवरण तयार गरी अध्यावधिक गरिने छ
- जिल्ला भित्र सरकारी र गैर सरकारी संस्थाबाट संचालित विकास निर्माण सम्बन्धि कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका बिभिन्न चरणको अनुगमन गर्न अनुगमन सुचक बनाई लागु गरिनेछ ।
- जिल्लामा संचालित विकास निर्माण सम्बन्धि कार्यक्रमको प्रतिफलका सम्बन्धमा बिषय क्षेत्रगत प्रतिवेदन तयार गरि सार्वजनिक गरिने छ ।
- नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरि स्थानीय तहको मागका आधारमा क्षमता विकास सम्बन्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- जिल्लाको विकास निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने र विज्ञ समुहसंग अन्तरक्रिया संचालन गरिनेछ ।
- जिल्लालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन आँधिखोला, ज्यागदीखोला, दरौ खोला जस्ता खोलाबाट हुने कटानलाई नियन्त्रण गरी उक्त खोलाहरु तथा अन्य जलश्रोतबाट भएका चापाकोट टार, किसान, जीमुहा फाँट, पकान फाँट जस्ता सिंचाई सुबिधालाई व्यवस्थीत र भरपर्दो बनाई सिंचाई

सुबिधा नपुगेका अन्य सिंचाई योग्य भुमिलाई सिंचाई सुबिधा पुऱ्याउन सम्बन्धित पालिका तथा निकायसंग समन्वय गरिनेछ ।

- जथाभावी Antibiotic को प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने हुँदा औषधीको बिक्री र प्रयोगमा प्रभावकारी नियमनको व्यवस्था मिलाइनेछ ।
- तरकारीबालीमा जथाभावी विषादीको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर पर्न गई क्यान्सर, मधुमेह, मुटुरोग, मृगौला जस्ता असाध्य रोग लाग्नेको संख्या दिनानुदिन बढ्दै गएको विद्यमान अवस्थामा सुधार गर्न विषादीको प्रयोग सम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय सरकारको अगुवाई र जिल्ला समन्वय समितिको समन्वयमा पूर्ण सरसफाई सम्बन्धी क्रियाकलापलाई बढावा दिई सन् २०२१ भित्र पूर्ण सरसफाई जिल्ला घोषणा गरिनेछ ।
- आंधिखोला, ज्याग्दी खोला, र कालीगण्डकी नदी, जस्ता साना ठुला नदी र खोलाहरु बाट नदिजन्य पदार्थको अत्यधिक ओसार पसारबाट दिनानुदिन वातावरण बिनास हुंदै गएको र नदीको प्राकृतिक सुन्दरता समेत लोप हुन जाने देखिएकाले स्थानीय तहसंगको समन्वयमा वैकल्पिक उपायको खोजी गरिनेछ साथै यी र अन्य खोलाहरु भाटखोला,सुरौदी खोला, पौवै खोला, पिउरी दोभान खोला, सरादी खोला, दरौं खोला, वास्तारा खोला, मग्याम चिसापानी खोला,लुब्दी खोला,गोदी खोला,बिरुवा खोला, बाङ खोला,डुम्रे थुम पोखरा खोला, अंधेरी खोला, मिर्दी खोला, अर्मादी खाला, पाती खोला, झार खोला, च्याङ्दी खोला, अरौदी खोला,छिते खोला बाट भएको नदी कटान रोकी खेतीयोग्य जमिन र बस्तीको संरक्षण गरिनेछ ।
- जिल्ला भित्रका फरक क्षमता भएका तथा असहाय बाल वालिकको संरक्षण तथा पालनपोषणको व्यवस्था मिलाउन स्थानीय तहसंग समन्वय गरिनेछ ।
- सामुदायिक विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरी गुणस्तरीय प्रतिस्पर्धात्मक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन स्थानीय तहहरु संग आवश्यक समन्वय गरिनेछ ।
- किशोर किशोरीलाई सामाजिक रुपान्तरणमा समाहित गर्ने कार्यक्रम ल्याउन पहल गरिनेछ ।
- आलमदेवी, मनकामना, गह्रौसुर,सतौ चण्डीस्थान,खिलुङ कालिका, स्वरेक मैदान, नुवाकोट,पन्चासे, अन्धाअन्धि दह, श्रवण कुमार, छायाँछत्र, काला भैरव, बाजपुर, गृहेकोट भैरव, थामकी देवी, खैरेकोट, थानापती मन्दिर, भृगुतुङ्गेश्वर मन्दिर, कोटाकोट, कालिका मन्दिर, वाला देवी, पञ्च कन्या मन्दिर, एकानन्द मन्दिर, अकला देवी, बुढाकोट, राम्दी घाट, केलाद घाट, हुँगी घाट, मणि मुकुन्देश्वर, रम्घा देवी, ,सुन पोखरी, कालिका देवी, राम्चेदवी दुर्गा मन्दिर, जगत्र देवी मन्दिर, वाङ्सिङ, वागे कोट, डहरे देउराली, भाल्थुमकोट, भालुपहाड, खर्सु लेक, कोल्मा, पेल्काचौर, पञ्चमुल सिरुवारी, दरौ, रापाकोट, राङभाङ, चित्रे भञ्ज्याङ, क्याक्मी, प्यारसिंङ,जगत भञ्ज्याङ, लाम डाँडा, आरुचौर, अंधेरीखोला, बुकी पर्यटकीय क्षेत्र, आँधि मुहान कट्टि भ्यू टावर, माहे छहरा, पुर्कोट, पुतपुते छहरा, हरिनास जंगल,छुपडांडा चुलीडाँडा, ईन्टरनेट चौतारी ( पुष्पलाल पार्क), थाप्लेको लेक, तामुको लेक,साल्मे डांडा, मट्टिखान, जस्ता धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरिने छ
- शिद्ध वावा गुफा, सिद्द गुफा, चमेरे गुफा,गडरे गुफा, अंधेरी गुफा, सिता पाईला गुफा, औंलेपानी गुफा, आंधिमुहानमा रहेको सिद्धेश्वरी गुफा, गुप्तेश्वर गुफा, मिनाम गुफा, वतासेस्वर गुफा, जल बराह गुफा जस्ता धार्मिक र प्राकृतिक महत्वका गुफाहरुको प्रचार प्रसार गरिनेछ ।
- चापाकोट नगरपालिकामा लिचिको उत्पादन बढाउने र लिचि पकेट एरिया बनाउनका लागी नगरपालिका र प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना संग समन्वय गरिनेछ ।
- कुभिण्डे र राम्दीमा बिषादी चेकजांच प्रयोगशाला निर्माण गर्न समन्वय गरिनेछ ।
- फलफुल र तरकारीमा बिषादी रहीत जिल्ला बनाउने प्रयत्न गरिनेछ ।
- राम्दीको पुल दिनानुदिन जिर्ण हुदै गएकाले पुननिर्माण गर्न सम्बन्धित संग समन्वय गरिनेछ ।
- आँधीखोला भ्यालीलाई नेपाल सरकारबाट खुला हवाई क्षेत्र (Free Aviation Zone) घोषणा भैसकेको हुँदा पोखराका साहसिक हवाई खेलकुद सञ्चालन गर्ने कम्पनीहरुलाई यस जिल्लामा आकर्षित गर्न आवश्यक पूर्वाधार निर्माण र दर्ता प्रक्रियालाई सहज बनाउन पालिकाहरु संग आवश्यक समन्वय गरिनेछ ।
- पवित्र कालीगण्डकी नदी किनारमा रहेको विश्व कै सबैभन्दा ठूलो शालिग्राम मानिने सेतीवेणी शिला,काली गण्डकी शिला र सबै तिर्थस्थलको प्रचार प्रसार गरी धार्मिक पर्यटकको आकर्षण बढाईनेछ ।
- काली गण्डकी पदयात्राका लागी पदमार्ग निर्माणमा पहल गरिनेछ ।
- काठमाण्डौं पोखरा स्याङ्गजा हुँदै लुम्बिनी जोड्ने रेलमार्गका लागि संघीय सरकारलाई अनुरोध गरिनेछ ।
- प्रदेश सरकारबाट घोषित आन्तरिक पर्यटन बर्ष २०१९ र संघिय सरकारले घोषणा गरेको नेपाल भ्रमण बर्ष २०२० लाई टेवा पुग्ने गरी पर्यटन सम्बन्धी कार्यक्रमहरु सञ्चालन मा समन्वय र सहजिकरण गरिनेछ ।
- अझै पनि समाजमा महिला हिंसा, जातिय भेदभाव तथा छुवाछुत जस्ता अमानवीय व्यवहार कुरीतिको रुपमा कायमै रहेकाले यस्ता कुरितिको अन्त्य गर्न सामाजिक सचेतनाका लागी अभियान संचालन गर्न समन्वय गरिनेछ ।
- नेपाल सरकारले चालु आर्थिक बर्षमा संचालन गरेको गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको घरधुरी सर्भेक्षण कार्य समयमै सम्पन्न गर्न सहयोग गरिनेछ ।
- जेष्ठ नागरिकहरुले आर्जन गर्नु भएको अनुभवलाई समाजको हितमा प्रयोग गर्नुका साथै उनीहरुको जिवनलाई सहजता प्रदान गर्न सामाजिक सुरक्षाका कार्यक्रमको साथै जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्न पहल गरिनेछ ।
- अनुत्पादक क्षेत्रमा गरिने लगानीलाई बिस्तारै न्यूनिकरण गर्दै उत्पादनमुलक क्षेत्रमा लगानी बढाउदै लैजान आवश्यक समन्वय गरिनेछ ।
- पोषणयुक्त खाना, सरसफाईयुक्त घर आँगन विभेदरहित समाज, बालवालिका, महिला, फरक क्षमता भएका व्यक्ति, जेष्ठ नागरिक मैत्री संरचना निर्माण शिष्ट र सभ्य समाज निर्माणमा सबैको साझा प्रतिबद्धताका लागी पहल गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाई विपद् व्यवस्थापन योजना तयार गरि लागू गरिनेछ । स्थानीय विपद् व्यवस्थापन समिति गठन नभएका स्थानीय तहमा समिति गठन र कोष खडा गर्न पहल गरिने छ ।
- प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन नगरी खनिएका सडकले सम्भावित जोखिम निम्त्याईरहेको वर्तमान अवस्थामा संरक्षण र रोकथामका

लागी सडक किनारमा अम्रिसो, फलफुल तथा अन्य बिरुवा रोपन कार्य गरी सडक संरक्षण र भुक्षय रोकथामका उपाय अपनाइनेछ ।

- स्याङ्जाको सभ्यतासंग जोडिएका आंधिखोला, ज्याग्दीखोला काली गण्डकी जस्ता नदीहरुको प्राकृतिक सुन्दरता र स्वच्छता कायम राख्न खोलामा ढल तथा फोहोर बिसर्जन कार्यमा पूर्ण रोक लगाईनेछ । यसको प्रभावकारी अनुगमन गरिने छ ।
- नागरिकलाई सुशासनको प्रत्याभुती हुने गरी सबै स्थानीय तहहरुको क्षमता विकास गर्दै सेवा प्रवाह तथा कार्य सम्पादनलाई पारदर्शी जवाफदेहि तथा उत्तरदायी बनाउन जि.स.स. महासंघ नेपालसंग सहकार्य र समन्वय गरिनेछ ।

# जिल्ला समन्वय समिति महासंघको बार्षिक कार्यक्रम २०७६।०७७ (प्रस्तावित)

| क्रम | कार्यक्रम | आवश्यक श्रोत | समयतालिका | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रा. | भा. | आ. | का. | मं. | पु | मा. | फा. | चै. | बै. | जे. | आ. | |
| १ | संगठनात्मक कार्य | | | | | | | | | | | | | | |
| १.१ | कार्यसम्पादन समिति बैठक | खाना । खाजा खर्च | | | | | | | | | | | | | |
| १.२ | केन्द्रिय समिति बैठक | खाना। खाजा खर्च | | | | | | | | | | | | | |
| १.३ | यु सि एल जि बैठक | सदस्यता शुल्क र आतेजाते खर्च | | | | | | | | | | | | | हामीले पनि आयोजनागन् सकिन्छ |
| १.४ | लगईन एसोसिएसन बैठक | सदस्यता शुल्क र आतेजाते खर्च | | | | | | | | | | | | | |
| २ | महासंघ सचिवालय | | | | | | | | | | | | | | |
| २.१ | महासंधका मूख्य कार्यका लागि निति, कार्यविधि निमार्ण | परामर्श सेवा शुल्क | | | | | | | | | | | | | |
| | अनुगमन कार्यविधि | | | | | | | | | | | | | | |
| | समन्वय कार्यविधि | | | | | | | | | | | | | | |
| | संन्जाल समन्वय | | | | | | | | | | | | | | |
| २.२ | क्षमता विकास कार्य | | | | | | | | | | | | | | |
| | महासंघका कर्मचारी | तालिम खर्च र आतेजाते भाडा | | | | | | | | | | | | | |
| | महासंगका समिति पदाधिकारीहरू | तालिम खर्च र आतेजाते भाडा | | | | | | | | | | | | | |
| ३ | प्रचारात्मक कार्य | सामाग्री निर्माण खर्च | | | | | | | | | | | | | |
| ४ | प्रर्वधनात्मक कार्य | श्रव्य दृष्य सामाग्री निमार्ण परियोजना खर्च | | | | | | | | | | | | | |
| ५ | प्रदेश महासंघको क्षमता विकास | बैठक तथा अध्ययन भ्रमण खर्च | | | | | | | | | | | | | |
| ६ | महासंघको अनुगमन कार्य | अन्तरक्रिया खर्च र आतेजाते भाडा | | | | | | | | | | | | | |
| ७ | साझेदारी कार्य | परियोजना निमार्ण का विज्ञ को पारिश्रमीक | | | | | | | | | | | | | |
| ८ | दिवस, समारोहको आयोजना | व्यवस्थापन र परिचालन खर्च | | | | | | | | | | | | | |
| | स्थापना दिवस | | | | | | | | | | | | | | |
| | संविधान दिवस | | | | | | | | | | | | | | |
| | जलवायु दिवस | | | | | | | | | | | | | | |
| | महिला अधिकार दिवस | | | | | | | | | | | | | | |
| | अन्य | | | | | | | | | | | | | | |
| ९ | नेपाल सरकार संगको सहकार्य सम्बन्धि | पदाधिकारी प्रतिनिधि मण्डलको व्यवस्थापन खर्च | | | | | | | | | | | | | |

# जिल्ला समन्वय समितिहरुको जिल्लास्थित अनुगमन गतिविधि

## जिल्ला समन्वय समिति कञ्चनपुर



खानेपानी मन्त्री विना मगरको साथ प्रमुख जि.स.स. कञ्चनपुर, पुनर्रवास नगरपालिका वडा नं. ५ र ६ सडकको अनुगमनको क्रममा



जि.स.स. कञ्चनपुर प्रमुख तथा उप-प्रमुख रौतेली खोलाको अनुगमनको क्रममा

## जिल्ला समन्वय समिति ललितपुर

















जिल्ला समन्वय समिति ललितपुर अनुगमन टोलीद्वारा ललितपुर महानगरपालिका तथा गोदावरी, महांकाल, कोञ्ज्योसोम, बाग्मती गाउँपालिकाहरुमा अनुगमन

# जिल्ला समन्वय समिति स्याङ्जा





स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिका-२ स्थिति खहरेमा कागती खेति अभियान कार्यक्रम अन्तरगत विरुवा रोप्दै र आफ्नो भनाई राख्नु हुँदै जि.स.स. स्याङ्जा प्रमुख श्री सीता सुन्दास

# जिल्ला समन्वय समिति काठमाण्डौं





जि.स.स. काठमाण्डौंद्वारा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं ८ को काठमाडौं महानगरपालिका क्षेत्रमा संचालनमा रहेका योजनाहरुको स्थलगत अनुगमन

# जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक





१ सेकेण्डमा २० लिटर पानी झर्ने, रु. १ अरव २७ करोडको योजनामा ४० हजारदेखि ४ लाख लि. सम्म क्षमता भएका २३ वटा ट्याङ्की निर्माणको क्रममा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले जिल्लाको तेमाल गाउँपालिकामा बृहत्तर लिफ्टिङ खानेपानी योजनाको अवलोकल तथा अनुगमन गर्नुभयो ।

## जिल्ला समन्वय समिति भक्तपुर










मिति २०७६/३/१९ गते मे.ट.पा. कार्यक्रम अन्तर्गत उद्यमी महिला दिदी बहिनीहरूलाई सिलाई मेसिन र जुत्ता सिलाउने साँचो सावुन बनाउन सामाग्री हस्तान्तरण तथा प्रदेस नं ३ को मुख्य मन्त्री डोरमणि पौडेल र अर्थमन्त्री कैलाश ढुंगेल संग भक्तपुर जिल्लाको स्थानिय तहहरूमा प्रदेस सरकारले प्रथमिकता दिई संचालन गर्ने योजनाहरूको विषयमा महत्वपूर्ण छलफल ।

## जिल्ला समन्वय समिति उदयपुर






मिति २०७६ असार २७ गते, जि.स.स. उदयपुरका प्रमुखज्यूले उदयपुर जिल्लाको १०२ जना उद्यमिहरुलाई घरेलु तथा साना उद्योग विकास कार्यालयले ८०% अनुदानमा उपलब्ध गराउने कार्यक्रम अन्तर्गत विभिन्न प्रबिधि हस्तान्तरण गरियो ।

***सम्पादन :*** *कृष्णचन्द्र न्यौपाने,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np